# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल


visit Nepal 2020 Lifetime Experiences

प.सं. ०७७/०७८
च.नं. २३०१

मिति: २०७७।१०।२०

सुचना प्रकाशित मिति :२०७७।१०।२०

**विषय : सि.वि.आर कार्यक्रम संचालनको लागि प्रस्तावना आव्हान सम्बन्धी सुचना ॥**

यस राप्ती नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सि.वि.आर) सहयोग कार्यक्रम समन्वय तथा अनुगमन समितिको मिति २०७७।१०।१४गते बसेको बैठकको निर्णय अनुसार राप्ती नगरपालिका स्तरीय वा चितवन जिल्लाभर कार्यक्षेत्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने गैरसरकारी सस्थाहरुवाट कार्यक्रम संचालनको लागि सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु सहित प्रस्तावना पेश गर्नको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**कार्यक्रम संचालन गर्ने संस्थाले सम्पादन गनुपर्ने कार्यहरुः**

क) अपाङ्गता भएका व्यक्तिहरुलाई विद्ययमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा,सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्धत गर्ने ।

ख) वडा वडावाट विभिन्न क्षमताका अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरी वडा स्तरीय समिति गठन र नगर स्तरीय समिति गठन गर्ने ।

ग) अपाङ्गता भएका व्यक्ति, परिवार ,स्थानीय निकायका पदाधिकारीहरुका लागि सचेतन सम्बन्धी तालिम कार्यक्रम गोष्ठी, सभा अन्तरक्रिया संचालन गर्ने गराउने ।

घ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा (**शिक्षा, स्वास्थ्य, तालिम,सिप , नेतृत्वविकास, सहायक सामाग्री आदि उपलब्ध गराउने**) ।

**पेश गर्नं पर्ने कागजातहरुः**

- संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि थान १
- संस्था दर्ता नविकरण भएको प्रमाणीत कागजात ।
- संस्थाको विधान प्रतिलिपि थान १
- प्रशासनिक तथा आर्थिक नियमावली प्रतिलिपि थान १
- समाजकल्याण परिषदको आवद्धता प्रमाणपत्र प्रतिलिपि थान १
- गत वर्षको बार्षिक प्रगति प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन थान १
- संस्थाको जनशक्ति तथा भौतिक पूर्वाधारको अवस्था जनाउने कागजात ।
- कार्यक्रम संचालनको प्रस्तावना ।

२०७७।१०।२०

गंगा बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत